समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०२/३१ बैठक संख्याः २७

बैठक प्रारम्भ समयः बिहानको ८:३० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

**निर्णयहरु**

१. आगामी आ. ब. २०८०/८१ का लागि वडाहरु र विषयगत क्षेत्रलाई बजेट सीमा निर्धारण गर्ने सन्दर्भमा देहायबमोजिम निर्णय गरियो ।

क. चालु आ. ब. २०७९/८० मा संघ तथा प्रदेश वित्तीय समानीकरण अनुदान र आन्तरिक श्रोतबाट स्वीकृत भएका आयोजनाहरु संघ तथा प्रदेशबाट वित्तीय समानीकरण अनुदानको अन्तिम चौमासिकको ५० प्रतिशतले घटी रकम प्राप्त भएको र आन्तरिक श्रोत उठतीमा न्यूनता आएको कारण चालु आ.ब. भुक्तानी दिन नसकिएका योजना तथा कार्यक्रमको रकम आगामी आ.ब. को लागि जिम्मेवारी सारी भुक्तानी दिने । नगरसभा सम्पन्न भएपछि संघ तथा प्रदेश सरकारबाट अन्तिम चौमासिकको ५० प्रतिशत घटी आएको रकम प्राप्त भएमा वडा समितिले छनौट गरेका आयोजना तथा कार्यक्रमलाई नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी कार्यान्वयन गर्ने ।

ख. आगामी आर्थिक बर्षका लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पेश गरेको वार्षिक अनुमानित आयको आधारमा निम्नानुसार बजेट सीमा निर्धारण गर्ने:

**आर्थिक वर्ष २०८०/०८१ को लागि अनुमान गरिएको आय तथा व्यय विवरण:**

| अनुमानित आयतर्फ | | | | अनुमानित व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं. | श्रोतको किसिम | बजेट रकम | कै. | सि. नं. | शिर्षक | बजेट | कै. |
| १. | आन्तरिक आय गतको बचत | ० | | १ | आ.ब. २०७९/०८० मा दायित्व श्रृजना भएको योजनाहरुको भुक्तानी | १९६९८२५०।- | |
| | | | | | क. संघीय वित्तीय समनीकरण न.पा. तथा वडाहरुको योजनाहरुको रकम | २३७१२५००।- | |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०२/३१ | बैठक संख्या: २७

बैठक प्रारम्भ समय: बिहानको ८:३० बजे | बैठक समापन समय: बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | मालपोत तथा ढुङ्गा गिट्टी बालुवा | १२०००००।- | | २ | ११ वडाको लागि वडा बजेट प्रशासनिक सहित | ५५००००००।- | |
| ३. | आन्तरिक अन्य आय कर तथा गैर करहरु | १८००००००।- | | ३ | मेयर विविध कार्यक्रम खर्च | ३००००००।- | |
| ४. | संघीय सरकार सशर्त अनुदान चालु | २९६३०००००।- | | ४ | उपमेयर विविध कार्यक्रम खर्च | २५०००००।- | |
| ५. | संघीय सरकार सशर्त पूँजीगत | २१९००००००।- | | ५ | मर्मत सम्भार कोष | ३००००००।- | |
| ६. | संघीय समपूरक अनुदान | १२००००००।- | | ६ | प्रकोप व्यवस्थापन कोष | २००००००।- | |
| ७. | संघीय विशेष अनुदान | ३०००००००।- | | ७ | आकस्मिक कोष | ५०००००।- | |
| ८ | संघीय वितिय समानीकरण अनुदान | १६२६०००००।- | | ८ | समपुरक कोष | १५००००००।- | |
| ९ | प्रदेश समानीकरण अनुदान | १०६४७०००।- | | ९ | आयोजना व्यवस्थापन खर्च | २००००००।- | |
| १० | प्रदेश राजश्व बाँडफाँट सवारी कर | ९८२२०००।- | | १० | पुँजीगत परामर्श खर्च | २००००००।- | |
| ११ | प्रदेश समपुरक अनुदान | ० | | ११ | नगर गौरवका आयोजनाहरु | २००००००।- | |
| १२ | प्रदेश सशर्त अनुदान | ० | | १२ | आर्थिक विकास समिति | ५०००००।- | |
| १३ | संघीय राजस्व बाँडफाँट | ९८३३८३००।- | | १३ | सामाजिक विकास समिति | ५०००००।- | |
| | | | | १४ | पूर्वाधार विकास समिति | १३७०७५०।- | |
| | | | | १५ | सार्वजनिक लेखा समिति | ५०००००।- | |
| | | | | १६ | सुशासन तथा संस्थागत विकास समिति | ५०००००।- | |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम नगरकार्यपालिका बैठकको निर्णय प्रमाणित

— [illegible] आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०२/३१ बैठक संख्या: २७

बैठक प्रारम्भ समय: विहानको ८:३० बजे बैठक समापन समय: बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | १७ | बन बातावरण तथा विपद् व्यवस्थापन समिति | ५०००००।- | |
| | | | | १८ | न्यायिक समिति | ५०००००।- | |
| | | | | १९ | प्रशासनिक खर्च | १२८३३८३००।- | |
| | | | | | क. संघीय राजस्व बाँडफाँट | ९८३३८३००।- | |
| | | | | | ख. आन्तरिक श्रोत | ३००००००।- | |
| | | | | २० | संघीय सरकारबाट प्राप्त रकम | ३६०२०००००।- | |
| | | | | | क. संघीय सशर्त चालु अनुदान | २९६३०००००।- | |
| | | | | | ख. संघीय सशर्त पुँजीगत अनुदान | २१९०००००।- | |
| | | | | | ग. संघीय समपुरक अनुदान | १२००००००।- | |
| | | | | | घ. संघीय विशेष अनुदान | ३००००००००।- | |
| | जम्मा: | ६७१६०७३००।- | | | जम्मा: | ६७१६०७३००।- | |

ग. वडा समितिले आगामी असार ५ गतेसम्म वडास्तरीय आयोजना तथा कार्यक्रम छनौट गरी नगर कार्यपालिका कार्यालयमा पेश गरी सकने ।

२. प्रदेश सरकार, कोशी प्रदेशले जारी गरेको स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार अन्तर्गत खाँदबारी नगरपालिकाको कर्मचारी तहबृद्धि सम्बन्धी कार्यविधि, २०८० लाई स्वीकृत गरी प्रदेश लोकसेवा आयोगमा परामर्शका लागि पठाउने र आयोगबाट परामर्शसाथ सहमति भई आएमा तत्काल उक्त कार्य अगाडी बढाउने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

[illegible]
प्रमुख प्रशासकीय अधिकृत

'समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०२/३१ बैठक संख्याः २७

बैठक प्रारम्भ समयः बिहानको ८:३० बजे बैठक समापन समयः बजे

३. भू-उपयोग ऐन तथा नियमावलीबमोजिम जग्गा बर्गीकरण कार्य भएको र सो अनुसार वर्गीकृत जग्गाको आगामी आ.ब. देखि नयाँ करको दर निर्धारण गर्ने प्रयोजनका लागि सबै वडाहरुले जग्गाहरुको स्तरीकरण गरी आगामी असार ३ गतेभित्र पेश गर्ने निर्णय गरियो ।

४. बृहत माङसिमा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पदाधिकारी चयन गर्ने सहितको साधारणसभा गर्नको लागि हाललाई निम्नानुसार तदर्थ समिति गठन गरी निम्नानुसार जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

क. श्री दिव्यराज बराल -अध्यक्ष

ख. श्री रोहिणी प्रसाद निरौला -उपाध्यक्ष

ग. श्री सल्येन नेपाली -सचिव

घ. श्री सुवर्ण शाक्य -कोषाध्यक्ष

ङ. श्री हरिश्वर थापामगर -सदस्य

च. श्री शुसिला घिमिरे -सदस्य

छ. श्री लक्ष्मी दुङ्गाना -सदस्य

ज. श्री सरोजकुमार बज्राचार्य -सदस्य

झ. श्री रमोद श्रेष्ठ -सदस्य

ञ. श्री भक्तनारायण श्रेष्ठ -सदस्य

ट. श्री कौशिला खनाल- -सदस्य

ठ. अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय, सङ्खुवासभा - पदेन सदस्य

ड. अधिकृत प्रतिनिधि, खाँदबारी नगरपालिका, सङ्खुवासभा - पदेन सदस्य

ढ. अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभा - पदेन सदस्य

ण. अधिकृत प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय, सङ्खुवासभा - पदेन सदस्य

त. अधिकृत प्रतिनिधि, खा.पा. तथा सरसफाइ सब डि. कार्यालय, सङ्खुवासभा - पदेन सदस्य

थ. अधिकृत प्रतिनिधि, उत्तर दक्षिण कोशी सडक आयोजना कार्यालय, सङ्खुवासभा - पदेन सदस्य

तदर्थ समितिको लागि कार्यादेशः

क. आगामी छ महिनाभित्र उपभोक्ता संस्थाको पदाधिकारी चयन गर्ने कार्य सहितको साधारणसभा गर्ने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पुरुषोत्तम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०२/३१ बैठक संख्याः २७

बैठक प्रारम्भ समयः बिहानको ८:३० बजे बैठक समापन समयः बजे

ख. हाल उपलब्ध मुहान, भौतिक संरचना, जनशक्ति तथा अन्य श्रोत साधनको उपयोग गरी खानेपानी संचालन गर्ने।

ग. खानेपानी उपभोक्ता संस्थाको स्वीकृत विधान बमोजिम संस्थाको दैनिक प्रशासनिक कार्य संचालन गर्ने

घ. खानेपानी व्यवस्थालाई थप व्यवस्थित गर्न थप मुहानको खोजी गर्ने तथा आर्थिक श्रोत खोजी थप भौतिक निर्माणको कार्य अगाडि बढाउने।

५. बृहत माङसिमा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले हाल उपभोक्तासँग लिई आएको खानेपानी महशुलमा आगामी श्रावण १ गतेदेखि लागू हुनेगरी ५० प्रतिशत छुट दिने निर्णय गरियो।

६. खाँदबारी नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि २०७६ को दफा ७ बमोजिम बाल अधिकार समितिमा देहायबमोजिम सदस्य मनोनयन गर्ने निर्णय गरियो।

क. नगरपालिकामा बाल अधिकारको क्षेत्रमा कार्यरत गै स स मध्येबाट श्री रुद्रनाथ दाहाल, अधिकारकर्मी

ख. सामुदायिक विद्यालयका संरक्षक शिक्षकमध्येबाट श्री भरत राई, हिमालय मा. वि. खाँदबारी

ग. संस्थागत विद्यालयका संरक्षक शिक्षकमध्येबाट श्री तिर्थराज पन्त, सूर्य सेकेण्डरी स्कुल खाँदबारी

घ. नगरपालिकास्थित स्वास्थ्य संस्थामा कार्यरत बालरोग चिकित्सकहरुमध्येबबाट श्री रेनुका सुनाम ठटाल नेपाली, स्वास्थ्य उपशाखा, खाँदबारी नगरपालिका

ङ. महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट श्री चेतकुमारी चर्मकार, महिला स्वास्थ्य स्वयं सेविका

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

[signature]

बुद्धराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत